# इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

**विषय: बुढी खोलाबाट खोलाजन्य पदार्थ सङ्कलन तथा बिक्री गर्न ठेक्का आव्हानको २१ दिने सूचना**

हाडकपी मार्फत प्रथम पटक प्रकाशित मिति: २०८३।०६।०८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क), इटहरी उपमहानगरपालिकाको आर्थिक ऐन २०८३ को दफा २०, इटहरी उपमहानगरपालिकाको आन्तरिक आय ठेक्का व्यवस्थापन कार्यविधि २०८२, स्वीकृत IEE प्रतिवेदन, नगर कार्यपालिका बैठकको निर्णय, राजस्व परामर्श समितिको निर्णय तथा प्रचलित कानूनको अधिनमा रही इटहरी उपमहानगरपालिका, सुनसरीको क्षेत्राधिकार भित्र पर्ने आवादी क्षेत्र भएर बग्ने बुढी खोलाबाट स्वीकृत घाट र नाकाहरुबाट निर्धारित मापदण्डबमोजिम खोलाजन्य पदार्थ उत्खनन तथा सङ्कलन गरी स्विकृत दरमा बिक्री गर्ने गरी हाडकपी मार्फत ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि तपसिलको सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

| सि. नं. | ठेक्का नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घ. मि.) | न्यूनतम बोलपत्र रकम (मु.अ. कर समेत) | धरौटी रकम | अवधी | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | बोलपत्र फाराम बुझाउने अन्तिम मितिर समय | बोलपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ITR/NCB/IR/2083/2084 (राजस्व) | बुढी खोलाबाट खोलाजन्य पदार्थको सङ्कलन तथा विक्री कर ठेक्का | २८,२२६.३५ (खोलाहरुको नाका सङ्ख्या ५ (पाँच) | १,११,८२,६६३.९९। | कबुल अंकको ५% (प्रतिशत) | कायदिश पाएको भोलीपल्टबाट २०८४ जेष्ठ मसान्तसम्म | २०८३।०६।२८ गते कार्यालय समय भित्र | २०८३।०६।२९ गते दिउँसो १२:०० बजेसम्म | २०८३।०६।२९ गते दिउँसो २:०० बजे |

शर्तहरु:

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, नवीकरण भएको व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करदर्ता प्रमाणपत्र, आ.ब. २०८१।०८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयको नाममा नेपाल बैङ्क लिमिटेड इटहरीको राजस्व खाता नं. ०५९०३००००१००१००००१ मा रु ३०००। नगद जम्मा गरेको भौचर पेश गरी वा राजस्व व्यवस्थापन शाखाबाट रसिद काटी सोही शाखाबाट बोलपत्र सम्बन्धी फाराम खरिद गर्न सकिनेछ । माथि उल्लिखित कागजात र बोलपत्र दस्तुर बापतको रकम जम्मा गरेको बैङ्क भौचर वा रसिद बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।
- बोलपत्र सम्बन्धी फाराम भर्दा कबुल रकम अक्षर र अङ्कमा स्पष्ट रुपले उल्लेख गर्नुपर्नेछ । आफूले कबुल गरेको अङ्कको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैङ्क लिमिटेड इटहरीको धरौटी खाता नं. ०५९०३००००३००००००००१ मा जम्मा गरी सो को बैङ्क भौचर वा नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क' वर्गको बैङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र पेश गर्ने अन्तिम म्याद देखि १२० (एक सय बिस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ ।
- खरिद गरेको बोलपत्र फाराममा फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोप्राइटरको नाम, ठेगाना, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई पेश गर्नुपर्नेछ ।
- खोलाजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्रि गर्दा देहायको स्थानबाट निम्न बमोजिमको परीमाणमा मात्र गर्नुपर्नेछ । आबादी क्षेत्रबाहेकबाट ढुङ्गा, गिट्टी, बालुवा तथा भरौट उत्खनन गरी बिक्री गर्न पाईने छैन ।

२०८३।०६।०६

**महेश पराजुली**

प्रमुख प्रशासकीय अधिकृत

| क.सं. | उत्खनन् क्षेत्र | जम्मा परिमाण (घ.मि.) | खोलाजन्य पदार्थहरुको परिमाण (घ.मि.) | | | |
|---|---|---|---|---|---|---|
| | | | ढुङ्गा (Pebbles) | ग्राभेल | वालुवा | भरोट |
| १. | याक्थुङ्ग | ७७१८.८ | १२८०.५२ | १७४७ | ४६९१.२८ | |
| २. | आदर्श टोल (त्रिवेणी) नाका | १५,७८०.८ | १६२७.६२ | ४६८४.७० | ९४६८.४८ | |
| ३. | सुनौलो टोल नाका | २२१५.३३ | २००.४० | ४६४.२० | १५५०.७३ | |
| ४. | अढाइ टोल नाका | १४४०.९० | | १४४.१० | १२२४.७६ | ७२.०४ |
| ५. | अमझोखी नाका | १०७०.५२ | | | ८०२.८९ | २६७.६३ |
| | | २८२२६.३५ | ३१०८.५४ | ७०४० | १७७३८.१४ | ३३९.६७ |

- बोलपत्र सम्बन्धी अन्य जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही फारामबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- स्वीकृत भएको फर्मले तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । खोला तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणको सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ ।
- खोलाजन्य पदार्थको बिक्री शुल्कको दर कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको खण्डमा सोहीबमोजिम र नतोकेको खण्डमा प्रचलित बजार मुल्यसँग तादम्यता कायम हुने गरी रसिद जारी गरी बिक्री गर्नुपर्नेछ । तोकिएको दररेट वा प्रचलित बजार मुल्यभन्दा बढी असुल गरेमा नियमानुसार कारवाही भई ठेक्का रद्ध हुनेछ ।
- ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लिखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।
- बालुवा, ढुङ्गा, गिट्टी र ग्राभेलको सङ्कलन तथा बिक्री गर्दा प्राकृतिक धार किनारा, घाट, कुलो कुलेशा, पुल पुलेसा, लोकमार्ग तथा सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको परिधि भित्र रही मात्र गर्नुपर्नेछ ।
- खोलाजन्य पदार्थ उत्खनन, सङ्कलन तथा विक्री गर्ने अवधी चलन पुर्जी पाएको भोलीपल्ट देखि देखि २०८४ जेष्ठ मसान्त सम्मको हुनेछ । सो मिति अगावै सम्झौता भएको परिमाण पुरा भएमा सङ्कलन तथा बिक्रि कार्य बन्द गरिनेछ ।
- इटहरी उपमहानगरपालिकालाई खोलाजन्य पदार्थ आवश्यक परेमा तोकिएको दररेटमा नै ठेकेदार पक्षसँग खरिद गर्न सक्नेछ ।
- ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ ।
- कबुल गरेको रकम अग्रिम एकमुस्ट बुझाएमा भ्याट बाहेकको रकममा १० प्रतिशत छुट दिइनेछ ।
- यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
- विस्त्रित जानकारीका लागि कार्यालयको वेभसाइट www.itaharimun.gov.np मा हेर्न तथा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी कोशी प्रदेश, नेपाल स्था: २०७३

**महेश पराजुली**
प्रमुख प्रशासकीय अधिकृत